तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०६।०६ गतेको बैठकका निर्णयहरुः

तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०६।०६ गतेको बैठकका निर्णयहरुः

१. आर्थिक वर्ष २०८१/८२ दशै मोटरबाटो सोरसारमा छुट्टाइएको बजेटबाट तपसिल अनुसार रकम व्यवस्था गरी दशैंमा मोटरबाटो सोरसार गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम/ वडाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | १ नं. वडा कार्यालय अन्तर्गत | ७ लाख |
| २ | २ नं. वडा कार्यालय अन्तर्गत | ४ लाख |
| ३ | ३ नं. वडा कार्यालय अन्तर्गत | ४ लाख |
| ४ | ४ नं. वडा कार्यालय अन्तर्गत | ४ लाख |
| ५ | ५ नं. वडा कार्यालय अन्तर्गत | ४ लाख |
| ६ | ६ नं. वडा कार्यालय अन्तर्गत | ७ लाख |

२. आर्थिक मामिला तथा योजना मनज्त्रालय, लुम्बिनी प्रदेशको मार्ग दर्शन अनुसार प्रदेशको श्रोतबाट कार्यान्वयन गर्न ५ लाख भन्दा माथिका योजनाहरु सबै सार्वजनिक प्रतिस्पर्धा (ठेक्का) बाट कार्यान्वय गर्ने निर्णय गरियो ।

३. तिनाउ गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न तपसिल अनुसार गाउँपालिका स्तरिय बाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम थर | संस्थाको नाम | समितिको पद |
|---|---|---|---|
| १ | श्री लालबहादुर थापा | तिनाउ गाउँपालिका, उपाध्यक्ष | संयोजक |
| २ | श्री सुरज कार्की | श्री युवावर्ष मा.वि., शिक्षक | सदस्य |
| ३ | श्री अमृता सापकोटा | महिला सामूदायिक स्वास्थ्य स्वयं सेविका | सदस्य |
| ४ | श्री राजेश श्रेष्ठ | सामाजिक विकास स्रोत केन्द्र, तिनाउ, अध्यक्ष | सदस्य |
| ५ | श्री गुञ्जला सिंजाली | गाउँपालिका स्तरीय बाल संजाल, उपाध्यक्ष | सदस्य |
| ६ | श्री आयुष वि.क. | गाउँपालिका स्तरीय बाल संजाल, सदस्य | सदस्य |
| ७ | श्री करुणा राना | अपाङ्ग समूहबाट प्रतिनिधी ग वर्गको | सदस्य |
| ८ | श्री यादव अर्घाली | तिनाउ आदिबासी जनजाती समन्वय समिति, अध्यक्ष | सदस्य |
| ९ | श्री टोप बहादुर वि.क. | दलित समूहबाट प्रतिनिधित्व | सदस्य |
| १० | श्री कार्यालय प्रमुख | दोभान प्रहरी चौकी इन्चार्ज, दोभान | सदस्य |
| ११ | श्री विकास अर्याल | गाउँ शिक्षा समिति, सदस्य | सदस्य |
| १२ | श्री रिता कुमारी थापा | गाउँपालिका बालमैत्री सम्पर्क व्यक्ति | सदस्य-सचिव |

४. तिनाउ गाउँपालिकाको संलग्न बमोजिमको आर्थिक वर्ष २०८१/८२ को खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०६।०६ गतेको बैठकका निर्णयहरुः**

५. तिनाउ गाउँपालिका वडा नं. २ निवासी श्री दलबहादुर गुरुङले दिएको निवेदन उपर छलफल भयो निवेदकको माग बमोजिम उक्त जग्गाको अध्ययन पश्चात मात्र उपयुक्त निर्णय गर्ने निर्णय गरियो ।

६. आर्थिक वर्ष २०८१/८२ का योजनाहरु कार्यान्वयन तपसिल अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | योजनाको नाम | विनियोजन रकम | थप रकम | जम्मा ला.अ. रकम | कार्यान्वयन प्रकृया |
|---|---|---|---|---|---|
| १ | ओखलढुङ्गा बुढीकोट ठाडे रितुङ सडक स्तरउन्नती, तिनाउ १ | ७० लाख | २० लाख | ९० लाख | ठेक्का |
| २ | वडा नं. ४ को आधारभूत स्वास्थ्य सेवा केन्द्र र वडा कार्यालय भौतिक पूर्वाधार निर्माण, तिनाउ ४ | ३७ लाख | ३ लाख | ४० लाख | ठेक्का |
| ३ | वडा नं. ५ को आधारभूत स्वास्थ्य सेवा केन्द्र र वडा कार्यालय भौतिक पूर्वाधार निर्माण, तिनाउ, ५ | | | | ठेक्का |

७. सुरुङ मार्ग आयोजनाको माग बमोजिम सुरुङ मार्गबाट निस्कने बिग्रह (Muck) व्यवस्थापन गर्न आवश्यक उपयुक्त प्रक्रियाहरु पुरा गरी तपसिल अनुसारको प्राथमिकता निर्धारण गरी गाउँपालिका भित्रको क्षेत्रमा बिग्रह व्यवस्थापन गर्न स्वीकृती दिने निर्णय गरियो ।

<u>तपसिल</u>

| प्राथमिकता क्रम | बिग्रह व्यवस्थापन गर्न दिने ठाउँको नाम | जग्गाको प्रकृति |
|---|---|---|
| १ | झुम्सा खोला पुल देखि खानी पहुँच मार्ग हुँदै रिभरसाइड रिसोर्ट माथी सम्म सडक उपयुक्त हुने सम्म मात्र, वडा नं.२ | खानी पहुँच मार्ग |
| २ | तिनाउ गाउँपालिकाको प्रशासनिक भवनको दक्षिण तर्फको क्षेत्रमा फिलिङ गर्न उपयुक्त हुने सम्म, वडा नं. २ | गाउँपालिकाको जग्गा |
| ३ | दोभान खोलाको नुवाकोट जाने पक्की पुलको पूर्व पट्टी ग्याविन लगाएको क्षेत्रमात्र भरिने गरी, वडा नं. २ | सातपत्रे सामूदायिक वनको जग्गा |
| ४ | सुरङ मार्ग आयोजनाले प्रस्ताव गरेको वडा नं. ३ को झुम्सा क्षेत्रमा अनुगमन गरी पुनः उपयुक्त निर्णय लिने । | सपना अधिकारीको निजी जग्गा कि.नं. ४६३ |

८. ओखलढुङ्गा युवा क्लव, तिनाउ १ ओखलढुङ्गालाई दशै सांस्कृत मेला सञ्चालन तथा व्यवस्थापन गर्न युवा लक्षित कार्यक्रमबाट रु. २५ हजार रकम प्रस्ताव तयार गरी सम्पन्न गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०६।०६ गतेको बैठकका निर्णयहरुः**

९. तिनाउ गाउँपालिका अतिरिक्त कक्षा सञ्चालन भएको विद्यालयमा रहेका विद्यार्थीहरुलाई अंग्रेजी, गणित र विज्ञान विषयको थप कोचिङ कक्षा सञ्चालन गर्न प्रति कक्षाको रु. २७५ का दरले रकम उपलब्ध गराई प्रस्ताव बमोजिम कक्षा सञ्चालन गर्ने निर्णय गरियो ।